म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ११३ बुधबार १९ मंसिर २०८१ ने. सं. ११४५ थिलाथ्व 4 December 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**बालविवाह मुक्त समाज निर्माण गरौ**

- बालविवाह सामाजिक र कानूनी अपराध हो,
- बालविवाह गर्ने, गराउने कार्य कानून बमोजिम दण्डनीय हो,
- तोकेको उमेर नपुगी भएको विवाह स्वत: बदर हुने कानूनी व्यवस्था छ,

त्यसैले,

- वीस वर्ष नपुगी विवाह नगरौं, नगराऔं,
- वालविवाहको विरुद्धमा सबै जुटौं,
- दोषीलाई कानूनको दायरामा ल्याऔ,
- बालविवाह मुक्त समाजको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## चीन पुगेका प्रमसँग
# हेटौंडा-काठमाडौं पोडवेको कुरै भएन

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ बेल्ट एण्ड रोड इनिसियटिभ (बिआरआई) परियोजना कार्यान्वयनको सूचीमा हेटौंडा-काठमाडौं ४२ किमि पोडवे पनि समावेश गरिएको थियो । तर, नेपालका प्रधानमन्त्रीसँग चिनियाँपक्षाले नयाँ भन्दा पनि पुरानै एजेण्डामा सहमति भएको बताइएको छ ।

काठमाडौं-हेटौंडा पोडवेको विषय प्राथमिकतामा पर्न सकेन । २०५६ सालदेखि पूर्णरुपमा बन्द भएको चौकीटोलदेखि काठमाडौंको टुकुसम्म ४२ किमि रज्जुमार्गलाई बैकल्पिकरुपमा संचालनमा ल्याउने सवालमा एकवर्षदेखि बहस गरिरहेका सत्तारुढ दलका मुख्यसचेतक एवम् एमाले सांसद महेशकुमार बर्तौलाले केही समयअघि सदनमा हेटौंडा-काठमाडौं सार्बजनिक यातायात पोडवे संचालन गर्नुपर्ने बताएका थिए । १९८२ सालमा हेटौंडाको चौकीटोलदेखि काठमाडौंको टेकु भन्सारसम्म रोपवे संचालन भएको थियो । अमेरिकी सरकारको आर्थिक सहयोगमा रिब्लेट ट्रामवे कम्पनीले निर्माण गरेको यो रोपवे भीमफेदी-कुलेखानी भएर यात्रा गर्दा बाटोबाट तारमा झुण्डिरहेको डिब्बा अहिले पनि देख्न सकिन्छ ।



यो जीर्ण अवस्थामा भएको रोपवेकै ठाउँमा आधुनिक सार्बजनिक यातायातको साधन पोडवे संचालन गर्न सकिन्छ भनेर सांसद बर्तौलाले विषय उठान गर्दै आइरहेका थिए । सोमबार भएको प्रधानमन्त्री केपी ओलीले चीन भ्रमणको बिआरआई कार्यान्वयनको सूचिमा यो परियोजना समाबेश रहेको थियो । प्रधानमन्त्री ओलीले चीन भ्रमणमा जानुपूर्व यी लगायत धैरै वटा परियोजना मन्त्रीपरिषदको बैठक राखेर एजेन्डाको रुपमा पास गरिएको थियो । नेपालले अति महत्वका साथ समावेश गरेका परियोजना चिनीयाँ पक्षाका लागि अनुत्पादक लाग्न सक्ने सम्भावना रहेको बताइएको छ ।

बिआरआइमा यो परियोजना हस्ताक्षर भएर कार्यान्वयन हुनसकेको भए हेटौंडा-काठमाडौंको जोखिमपूर्ण यात्रा सहज यात्रामा परिणात हुने सांसद बर्तौलाले बताए । अहिले हेटौंडाबाट सिस्नेरी हँदै काठमाडौं जाँदा करिव ३ घण्टा भन्दा बढी जोखिमपूर्ण यात्रा गर्नुपर्ने वा नारायणघाट-मुग्लिन भएर दिनभरि यात्रा गर्नुपर्ने बाध्यता छ । यो पोडवे संचालन गर्न सकेको खण्डमा करिव आधा घण्टाकै समयमा हेटौंडा-काठमाडौं यात्रा गर्न सकिने उनले बताए । यसले काठमाडौंसँग हेटौंडालगायत आसपासका जिल्ला र प्रदेश तथा छिमेकी राष्ट्र भारतको पहुँच वृद्धि हुनेथियो ।

प्रधानमन्त्रीको भ्रमणअघि नै सत्तारुढ नेपाली कांग्रेस र नेकपा एमालेले चीनसँग सहमति र समझदारी गर्न लागि फ्रेमवर्क तयार पारेका थिए । तर, समझदारीपत्रमा नेपालले बनाएका धेरै विषय अटाएका छैनन् । 'हामीले उठाएका सबै एजेण्डा चीन सरकारको तर्फबाट सम्बोधन हुनैपर्छ भन्ने छैन' सांसद बर्तौलाले साझाकुरासँग भने- '२५ वर्षदेखि बन्द अवस्थामा रहेको रोपवे संचालनको बिकल्प खोजी गर्ने दायित्व हाम्रो पनि हो ।' सरकारले लगानीमैत्री वातावरण तयार गर्ने हो भने निजीक्षेत्रले हेटौंडा-काठमाडौं रोपवेको बर्तमान संरचनालाई सुधार गरेर अत्याधुनिक पोडवे संचालन गर्न सकिने धारणा बर्तौलाको छ ।

नेपालका निजीक्षेत्रले लगानीमैत्री वातावरण पाउने हो भने पोडवे निर्माण गर्न धेरै ठूलो समस्या नभएको सांसद बर्तौलाको धारणा छ । हुन त, पोडवे मात्र हओइन, अमरगढी सिटी हल, जिलोङ-केरुङ-रसुवागढी-चिलिमे २२० केभी सीमापार प्रसारण लाइन, काठमाडौं उपत्यका प्रसारण लाइन स्तरोन्नति, मकवानपुरको चितलाङस्थित मदन भण्डारी विश्वविद्यालय, काठमाडौं साइन्टिफिक सेन्टर एन्ड साइन्स म्युजियम, दमकस्थित चीन-नेपाल औद्योगिक मित्रपार्क र झापा स्पोर्ट्स एन्ड एथलेक्टिस कम्प्लेक्स पनि नेपालले फ्रेमवर्कभित्र समेटेको थियो ।

तर, दुई देशबीचका प्रधानमन्त्रीको वार्ता र त्यसपछि भएको समझदारीमा यी विषय अटाएका छैनन् । यसपटक प्रधानमन्त्री ओलीको भ्रमणका क्रममा समझदारी भएपनि यही एजेण्डामा नेपालले केही अघिदेखि होमवर्क गरि रहेको थियो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले नेपाल मासुमा आत्मनिर्भर भएको भन्दै राँगा तथा भैंसीको मासु निर्यातको योजना बनाएको एकवर्ष भइसकेको थियो । नेपाल सबै प्रकारका मासुमा आत्मनिर्भरको अवसथामा छ । यसलाई थप व्यवस्थित गरेर निकासी गर्नसके मुलुकको आर्थिक विकासमा टेवा पुग्ने बताइएको छ ।

एनपीएल क्रिकेट

## हेटौंडाका रिजनले एकै ओरभमा ३ विकेट लिए, चितवनसँग पोखराको ठूलो हार



साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ त्रिवि क्रिकेटमैदान कीर्तिपुरमा जारी नेपाल प्रिमियर लिग (एनपीएल)मा चितवन राइनोजका खेलाडी हेटौंडाका रिजन ढकालले एकै ओभरमा तीन विकेट लिएका छन् ।

दायाँहाते तीव्र बलर ढकालले एकओभरमा तीन विकेट लिएसँगै चितवन राइनोजले पोखरा एभेन्जर्सलाई सस्तैमा समेट्न सकेको छ । ढकाल जस्तै चितवनका सोहेल तनवीरले पनि एक ओभरमा तीन विकेट लिएका थिए । ढकाल र तनवीरले आफ्नो एकै ओभरमा ३-३ विकेट लिएपछि चितवन राइनोजले लगातार दोस्रो विजय हात पारेको छ । १ सय ६२ रनको लक्ष्य पछ्याएको पोखरा एभेन्जर्सलाई १३.२ ओभरमा ७४ रनमा समेट्दै चितवनले ८७ रनको विजय हात पारेको थियो ।

तनवीरले इनिङ्सको पहिलो ओभरमै ३ विकेट लिए । उनले पहिलो बलमै कुशल भूर्तेललाई आउट गरेका थिए । काठमाण्डु गुर्खाजविरुद्धको अघिल्लो खेलमा ५ विकेट लिएका तनवीरले मंगलबार पहिलो ओभरमा दिलिपनाथ (४) र बास डे लिग (०) लाई आउट गरेका थिए । रिजनले चौथो ओभरमा ओपनर दिनेश खरेल (१) सहित किरण ठगुन्ना (१) र माइकल लिस्कलाई शून्यमा एलबीडब्लु आउट गरेका थिए ।

त्यसपछि पोखराको ७ रनमा हुँदा ६ र १७ रनमा हुँदा ७ विकेट गुमाएको थियो । लुक बेन्केनस्टेनले पनि ३ विकेट लिए । उनले रेयमन राइफरलाई १ रनमा, मार्कुस क्रिच्लेलाई १७ रनमा आउट गरे । क्रिच्लेले १६ बल खेली २ चौका प्रहार गरे । नारायण जोशीले पोखराबाट सर्वाधिक ३० रन बनाए । २४ बल खेली ३ चौका र २ छक्का प्रहार गरे । बेन्केनस्टेनले उनलाई आफ्नो तेस्रो सिकार बनाए । विपिन खत्रीलाई ९ रनमा दीपक बोहराले बोल्ड गरे ।

यसअघि पोखराले टस जितेपछि ब्याटिङको निम्तो पाएको चितवनले निर्धारित २० ओभरमा ७ विकेट गुमाई १ सय ६१ रन बनाएको थियो । भेट्रान इंग्लिस ब्याटर रवि बोपाराले चितवनबाट सर्वाधिक ५१ रन बनाएका थिए । उनले ३८ बल खेली समान ३ चौका र छक्का प्रहार गरे । बोपाराले कप्तान कुशल मल्लसँग चौथो विकेटमा ६८ रनको साझेदारी गरे । कुशलले २३ बल खेली १ चौका र ४ छक्का प्रहार गरी ३८ रन बनाए ।

ओपनर दीपक बोहरा २ र हसन एइसाखिलले १० बलमा १४ रन बनाए । लुक बेन्केनस्टेनले १६, सन्तोष कार्की ११, सोहेल तनवीर शून्यमा आउट भए । शरद भेषावकर १२ बलमा ११ र इनिङ्सको अन्तिम बलमा छक्का प्रहार गरेका अमरसिंह राउटेला ६ बलमा १३ रन बनाई अविजित रहे । पोखराबाट विपिन खत्री, बास डे लिड र रेयमन राइफरले २-२ तथा सागर ढकालले १ विकेट लिए ।

**हेटौंडा उप-महानगरपालिका -१, भागवतपुर भैरवडाँडा, मकवानपुरमा निर्माण हुन लागेको श्री तिरुपति बालाजी दिब्यधामको निर्माण शुभारम्भ सम्बन्धी जरुरी सूचना**

धार्मिक सांस्कृतिक परिवेश झल्कने तिरुपती नगरवस्ती सहितको आन्तरिक र बाह्य धार्मिक पर्यटन क्षेत्रको निर्माणको लागि श्री तिरुपति बालाजी मन्दिर, पन्चमुखि हनुमानको मुर्ति निर्माण कार्यको लागि संस्कृत पाठशाला भवन, घनश्याम वाटिका शिशमहल वृद्धाश्रम, जेष्ठ नागरिक पार्क, तीर्थयात्री निवास, शुभकार्य र पितृकार्य स्थलको निर्माणको लागि र सहिद पार्कदेखि मनकामना सम्म केबुलकार निर्माणको उद्देश्य सहित श्री तिरुपति बालाजी दिव्यधामको वृहत कार्ययोजनाको लक्ष्य पुरा गर्न यहि मिति २०८१ साल मंसिर २२ गते शनिबार बिहान ७:३० बजे बागमती प्रदेशका मुख्यमन्त्री माननीय बहादुर सिंह लामाज्यूको उपस्थितिमा हेटौंडा उप-महानगरपालिका -१, भागवतपुर भैरवडाँडा, मकवानपुरमा निर्माण हुन लागेको श्री तिरुपति बालाजी दिब्यधामको निर्माण शुभारम्भ कार्यक्रममा यहाँहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

श्री तिरुपति बालाजी दिब्यधाम
निर्माण शुभारम्भ - मूल समारोह समिति

श्री तिरुपति बालाजी दिव्यधाम
SHREE TIRUPATI BALAJI DIVYA DHAM
बागमती प्रदेश, हेटौंडा उप-महानगरपालिका-०१, मकवानपुर

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

# खेलमैदान निर्माण गर्दै स्थानीय सरकार

युरोपियन मुलुकका राजमार्गमा यात्रा गर्दा हरेक १५ किमि दुरीमा एउटा स्तरीय रंगशाला देख्न पाइन्छ । त्यसैले त उनीहरुको खेलक्षेत्र राम्रो छ । हाम्रो मुलुकमा विद्यालय तहमा खेल्ने खेल सामग्री किन्ने पैसा नभएर थोत्रा कपडालाई बाँधेर डल्लो बनाएर भकुण्डो खेल्ने हामीमध्य धेरै छौं । खेलक्षेत्रले नेपाललाई विश्वसामु चिनाउनका लागि खेलकुदमा लगानी पनि त जरुरी छ । लगानी नै नभएपछि खेलक्षेत्रबाट धेरै आशा गर्न सकिने सम्भावना पनि रहेन । तर, पछिल्ला दिनमा स्थानीय सरकारले थोरै भएपनि खेलक्षेत्रमा लगानी गर्न थालेको छ । यसले भविश्यमा खेलक्षेत्रमा थोरै भएपनि सकारात्मक परिवर्तन आउने सम्भावना छ । २०७६ सालबाट युवा तथा खेलकुद मन्त्रालय र बकैया गाउँपालिकाले वर्षेनी खेलग्रामका लागि बजेट विनियोजन गर्दै आएका छन् ।

पछिल्लो समय स्थानीय सरकारले खेलकुद क्षेत्रमा बजेट बिनियोजन गर्ने र खेलाडीलाई हौसला प्रदान गर्नका लागि बिभिन्न खेलकुद प्रतियोगिता आयोजना गर्दै आएका छन् । बकैया-५ कर्मचुलीमा हालसम्म १ करोड ५१ लाख रुपैयाँ खर्चेर फुटबल रंगशाला, प्याराफिट, व्यवस्थित शौचालय, टिकट काउन्टर तथा सुरक्षाकक्ष निर्माण गरिएको छ । ५२ कट्ठा क्षेत्रफलमा सिमेन्टेड वाल निर्माण गरिएको क्लबले जानकारी दिएको छ । बागमती प्रदेशका युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनले बकैया गाउँपालिका-५ कर्मचुलीस्थित बकैया खेलग्रामको सोमबार उद्घाटन गरेका छन् । करिव तीन साताअघि मनहरी गाउँपालिका-४ मसिनेमा पुगेर मन्त्री महर्जनले पशुपतिनाथ माविको मसिनेस्थित खेलमैदानको डीपीआर तयार गरी ब्यवस्थित गर्न प्रदेश सरकार तयार रहेको बताएको थिए । मनहरी गाउँपालिकाभित्र अन्तर्राष्ट्रिय मापदण्डको फुटवल मैदान निर्माण गर्न मसिनेस्थित गोलघर खेलमैदान उपयुक्त हुने देखिएकोले यो खेलमैदानलाई डीपीआर तयार गरी प्रदेश सरकारले क्रमागत रुपमा बजेट बिनियोजन गर्न जरुरी रहेको स्थानीय बताउँछन् । मनहरी गाउँपालिका उपाध्यक्षकप भलिवल र चैनपुर जेसीज मनहरीको खुला फुटवल प्रतियोगिता यही मैदानमा सम्पन्न भएको थियो । स्थानीय सरकाले मात्रै सम्पन्न गर्न नसक्ने योजनालाई प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गर्ने क्रम बढेको छ । केहीवर्ष अघि भीमफेदीको निबुवाटारमा खेलमैदान निर्माण गरेको थियो । थाहानगरको ईन्द्रायणीचौरमा मिनि रंगशालामा लगानी गरिएको छ ।

थाहानगरको आग्रामा पनि खेलमैदान स्तरीकरण गर्ने काम भएको र टिस्टुङमा पनि स्थानीयको माग बमोजिम खेलमैदान निर्माण भएको छ । बागमती प्रदेश सरकारको तर्फबाट खेलग्रामको विकासका लागि सक्दो सहयोग गर्ने बताइएको छ । खेलक्षेत्रमा युवा आकर्षण बढाउँदै खेलेरै परिवार धान्न सक्ने अवस्था निर्माण गर्नुपर्ने सरकारी अधिकारीहरुको धारणा छ । बकैया खेलग्रामलाई नमूना खेलग्रामको रुपमा विकास गरेर बकैयालाई खेलकुदमैत्री गाउँपालिका बनाउन सबैले हातेमालो गरेर अगाडि बढ्नुपर्नेमा जोड दिइएको छ । खेलकुद क्षेत्रको प्रवर्द्धनको सवालमा स्थानीय सरकारले अग्रसरता लिने, वडा तहमा खेलाडी उत्पादन गर्न बैज्ञानिक रुपमा बजेट बिनियोजन गर्ने, विद्यालय तहमा खेलाडी उत्पादन गर्न स्थानीय सरकारले कार्यक्रम ल्याउने हो भने खेलक्षेत्रको भविश्य उज्ज्वल हुने थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ मंसिर २० गते बिहीबार ५ डिसेम्बर २०२४ । चतुर्थी, मार्ग शुक्लपक्ष । थिलाथ्व ११४५ ने.सं. । सूर्योदय ६:४१, सूर्यास्त ५:०७ । स्वयंसेवक दिवस । विश्व माटो दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : अनावश्यक झंझट बृद्धि | तुला | : मित्रबर्गबाट धोका |
| वृष | : आरोप प्रत्यारोपको सामना | वृश्चिक | : सम्पत्ति सम्बन्धी विवाद |
| मिथुन | : ऋण नाश | धनु | : न्यायिक कार्यमा सफलता |
| कर्कट | : खर्च वृद्धि | मकर | : कार्यगत उतारचढाव |
| सिंह | : आफन्तबाट चिन्ता | कुम्भ | : आर्थिक सिद्धि |
| कन्या | : इष्ट सिद्धि | मीन | : कार्य सिद्धिमा विलम्ब |

# नेपाली समाजमा समावेशीता: पहुँचयुक्त संरचना र सोचको खाँचो



✍ दीपक न्यौपाने (दीप)

**‘समावेशिता भनेको मानव अधिकार मात्र हैन, यो सामाजिक जिम्मेवारी र सकारात्मक रुपान्तरणका लागि अनिवार्य आवश्यक्ता पनि हो ।’**

नेपाली समाज विविधताले भरिपुर्ण छ, फरक व्यक्तिगत अवस्था, सामाजिक मुल्यमान्यता, रितीरीवाज, चालचलन, भेसभुषा, परमपरा, जातजाति, धर्म आदिको बाबजुद सौहार्दपुर्ण भातृत्वमा बाँधिएको छ । तर अझै पनि अपाङ्गताको सामना गरिरहेका व्यक्तिहरुले समान अवसर र अर्थपुर्ण सहभागिता प्राप्त गर्न संघर्ष गरिरहेका छन । २०७८ को जनगणनाका अनुसार, नेपालमा करिब ७ लाख मानिसहरुले कुनै न कुनै प्रकारको अपाङ्गताको सामना गरिर हेका छन । यि मध्ये, मात्र ५० प्रतिशत जतिले आफ्नो आधारभुत सेवा पाउने गर्छन । पहुँचयूक्त वातावरण नहुनु, श्रोत व्यवस्थापनमा कमी, विद्यमान ऐन, निति, निर्देशिकाको प्रभावकारी तथा चुस्तदुरुस्त अनुगमन पद्धती र कार्यन्वयनको अभाव,सेवा प्रदायकहरुलाई तालिम र शिक्षा नहुनु र आम व्यक्तिहरुमा सचेतना नहुँदा लाल्छना यूक्त सामाजिक व्यवहारहरु ले गर्दा अपाङ्गता भएका व्यक्तिहरु अझै पनि आधारभुत सेवा र सामाजिक समावेशिकरण बाट टाढा रहनुपरेको छ । तसर्थ माथिका कारणहरुको निराकरण गर्न जसको सवाल उसैको नेतृत्वको भावलाई समेत अनुसरण गर्दै पहूँचयूक्त वातावरणको सिर्जना, समावेशिकरण र दिगो विकासका लागि सबैको सकारात्मक सोच र प्रभावकारी भुमिका जरुरी छ ।

अपाङ्गताको विविधता र व्यवस्थापनका बहुआयामिक पक्षहरु फरक फरक भुगोलहरुमा फरक दृष्टिकोणबाट हेर्ने गरिन्छ । अपाङ्गता व्यवस्थापनका विभिन्न आयामहरु विकास पछिल्लो केहि दशक देखी तिव्र बढ्दै गईरको भएता पनि मानवअधिकारको विश्वव्यापी घोषणपत्र १९४८ देखीनै अपाङ्गता भएका व्यक्तिहरुलाई समाजले स्वीकार गर्न थालेको पाईन्छ । सन १९७१ मा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी घोषणापत्र, १९८२ मा अपाङ्गता कार्ययोजना र १९८३ देखी १९९२ अवधिलाई अपाङ्गता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय दशकको रुपमा मनाउने घोषणा तथा १९९३ मा संयूक्त राष्ट्रसंघले ‘अवसर समानिकरण सम्बन्धी प्रमाणिक नियमहरु’ लागू गऱ्यो जसले पहिलो पटक अपाङ्गतालाई विकासको सबैखाले सवालसंग जोड्दै उनीहरुलाई विकासको अभिन्न साझेदारको रुपमा लिईयो । त्यस्तै एशिया प्याशिफिक क्षेत्रको लागि आर्थिक तथा सामाजिक आयोगले १९९३ देखि २००२ सम्मका लागि निति तथा कार्यक्रम सहित अपाङ्गता सम्बन्धी पहिलो क्षेत्रीय दशकको रुपमा घोसणा गऱ्यो जसले अपाङ्गता भएका व्यक्तिहरुको समावेशिकरण, पहूँचयूक्तता र अधिकारमा आधारित समाज विकासमा महत्वपुर्ण कोसेढुङ्गाको रुपमा सावित भयो । त्यस्तै सन २००६ मा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महाँसन्धी, इन्चियोन रणनिती, सहश्राब्दी विकास लक्ष्य, अधिकारमा आधारित अवधारणाहरु लगाएत विभिन्न अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुले अपाङ्गता व्यवस्थापनका आयामहरुमा थप व्यापकता ल्याएको छ ।

नेपालको सन्दर्भमा हेर्ने हो भने, बि.स २०३९ मा अपाङ्ग संरक्षण तथा कल्याण ऐन मार्फत एसिया प्रशान्त क्षेत्रमा पहिलो पटक अपाङ्गता भएका व्यक्तिहरुलाई वञ्चित समुहको रुपमा पहिचान तथा उनिहरुको सवाललाई संबोधन गर्ने महत्वपुर्ण प्रयास गरेको पाईन्छ । त्यस्तै २०५१ मा अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति २०७१ ले अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य उपचार र पुर्नस्थापनालाई अतिआश्यक सेवाका रुपमा समावेश गरेको पाइन्छ । अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी अर्न्तराष्ट्रिय महाँसन्धी, इन्चियोन रणनिती, सहश्राब्दी विकास लक्ष्य, अधिकारमा आधारित अवधारणाहरु लगायत अर्न्तराष्ट्रिय प्रतिवद्धताहरु विभिन्न कालखण्डमा अनुमोधन गरी त्यसको कार्यन्वयनको लागी सरकारको आवाधिक योजनाहरुमा समेटिएको छ । नेपालको संविधान २०७२ ले अपाङ्गता भएका व्यक्तिहरुलाई विशेष कानुन व्यवस्था गरी उनीहरुको सवाल प्राथमिकताको साथ संवोधन गर्ने गरी छुटै ऐनको परिकल्पना गरे बमोजिम २०७४ मा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन, २०७७ मा नियमावली, अपाङ्गता भएका व्यक्ति सम्बन्धी राष्ट्रिय नीति निर्माण तथा कार्यन्वयन भइरहेको छ । त्यसै गरी अपाङ्गता दिगो व्यवस्थापनका लागी विभिन्न कार्यविधी, निर्देशिका, अपाङ्गता न्यूनिकरणका लागि आवाधिक योजनाहरु लगायतका थुप्रै कानुनी तथा कार्यक्रमगत प्रयासहरु भएको भएता पनि राज्यको तहगत तथा संस्थागत समन्वय र अनुगमनमा कमी, अधिकांश स्थानिय स्तरमा विज्ञ व्यक्तिहरु नहुन, राज्यको हरेक तहका नीति तथा कार्यक्रमहरुमा अपाङ्गताको सवालहरु ओझेलमा पर्नु आदिले विद्यमान ऐन, निति तथा कार्यक्रमहरुको घरेलुकरण र कार्यन्वयन अझैपनि प्रभावकारी र नतिजामूखी हुनसकेको छैन ।

माथिका अधिकांश प्रयासहरुको सुत्रपात, घरेलुकरण र कार्यन्वयनको लागि सामाजिक संस्थाहरुको प्रयास महत्वपुर्ण र प्रभावकारी रहेको पाईन्छ । खास गरी राष्ट्रिय अपाङ्ग महाँसघं नेपाल एउटा छाता संगठनको रुपमा अपाङ्गताको हकहित, संरक्षण र सम्वर्द्धन तथा अपाङ्गताको दिगो व्यवस्थापनका लागी काम गर्दै आईरहेको छ । इन्टरनेशलन नेपाल फेलोसिप (आइ.एन.एफ) नेपालले कुश्ठप्रभावित तथा अपाङ्गता भएका व्यक्तिहरुको जिवनमा भरि पुर्णता ल्याउन सर्वाङ्गिण विकास र समावेशीताको क्षेत्रमा विगत ७२ वर्ष देखि अनवरत कायगर्दै आईरहेको छ । त्यस्तै अपाङ्गता भएका व्यक्तिहरुको संगठन तथा सस्था र अन्य विभिन्न दर्जनौं संघसंस्थाहरु कानुनी प्रावधान तथा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयन गर्न गराउन राज्य तथा सम्बन्धित निकायहरु र अन्य दातृनिकायहरुसंग साझेदारी तथा समन्वयमा अपाङ्गता दिगो व्यवस्थापनको लागि काम गर्दै आइरहेका छन ।

नेपालमा समाज विकासका का थुप्रै आयामहरु मध्ये अपाङ्गता व्यवस्थापन अवधारणा तिव्रगतिमा फड्को मारेको भएता पनि देश र व्यक्तिको आर्थिक, राजनितिक, सामाजिक, साँस्कृतिक, शैक्षिक अवस्थाहरुको उतारचडाव तथा राज्यका सबै तहहरु बराबर जिम्मेवार र जानकार नभई अपाङ्गताको सवालहरु प्राथमिकतामा नपर्दा आशातित उपलब्धीहरु प्राप्त गर्न सकिएको छैन । तसर्थ राज्य तथा सम्बन्धित निकायहरुले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुको साझेदारीमा अपाङ्गता दिगो व्यवस्थापनका लागि स्पष्ठ खाका र सोही अनुसार नीति तथा कार्यक्रम विकास र परिमार्जन गरी जिम्मेवार ढङ्गले चुस्तदुरुस्त कार्यन्वयन गर्नू गराउनु टढ्कारो आवश्यक्ता देखिएको छ ।

नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको जीवनस्तर सुधारका लागी सबैको सहकार्य आवश्यक छ । राज्यले नीति निर्माण र कार्यन्वयनमा स्पष्ट दृष्टिकोण अपनाउनु पर्छ । निजी क्षेत्र, संघसंस्था र समुदायले पनि सामाजिक समावेशितामा योगदान पुऱ्याउन जरुरी छ । समावेशी समाज मात्र समानता र न्यायको आधार हो । अब हामी सबै मिलेर यस्तो समाज निर्माण गर्ने समय आएको छ । समावेशिता भनेको मानव अधिकार मात्र हैन, यो सामाजिक जिम्मेवारी र सकारात्मक रुपान्तरणकालागि अनिवार्य आवश्यक्ता पनि हो ।

*(लेखक: आई.एन.एफ नेपालको अपाङ्गता प्राविधिक अधिकृत हुन् ।)*

# चीनमा ओलीले सोचेजस्तै भयो, तर के फाइदा भयो ?

✍ झलक सुवेदी

चीन भ्रमणमा रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले मंगलबार बेइजिङमा उच्चस्तरीय भेटवार्ता गरेका छन् । चीनका समकक्षी प्रधानमन्त्री ली छ्याङसँग नेपाली प्रतिनिधिमण्डलको भेटवार्तापछि दुई देशबीच सहयोग आदानप्रदान र सहकार्यका क्षेत्रमा नौ बुँदे सहमति/सम्झौता पत्रमा हस्ताक्षर भएको छ । यसैगरी प्रधानमन्त्री ओलीले चिनियाँ कम्युनिष्ट पार्टीका महासचिव तथा राष्ट्रपति सी चिनफिङसँग पनि भेटवार्ता गरेका छन् । प्रधानमन्त्री यसपटक छोटो र कार्यकारी भ्रमणका लागि निस्केका थिए । कतिपय भ्रमण सूची बाँकी रहे पनि मूलत: उनको मुख्य र औपचारिक भ्रमणका मुख्य सत्रहरू सकिएका छन् ।

प्रधानमन्त्रीको उच्चस्तरीय भेटलगत्तै मैले सिन्हुवा र ग्लोबल टाइम्समा यस सम्बन्धी चिनियाँ समाचार के कस्ता छन् भनेर हेरेको थिएँ । सिन्हुवाले चाइनिज प्रेसिडेन्ट सी चिनफिङ अन ट्युस्डे मेट विथ प्राइम मिनिष्टर अफ नेपाल केपी शर्मा ओली इन बेइजिङ भनेर एक वाक्यको समाचार दिएको छ । ग्लोबल टाइम्सले त्यसैलाई कपी पेष्ट गरेको छ जहाँ सी र ओलीको फोटो राखिएको थिएन । यसले चिनियाँहरू यसपटक नेपाली प्रधानमन्त्रीको भ्रमणबाट खासै खुशी थिएनन् कि भन्ने लख काट्न सकिन्छ ।

प्रधानमन्त्रीको चीन यात्रा आरम्भ हुने बेलामा चाइनाडटओआरजी को सम्पादकीयमा प्रधानमन्त्रीको भ्रमणले साझा विकास र समृद्धिलाई बढावा दिने आशा व्यक्त गरिएको थियो । जसले चीनले नेपालसँगको सम्बन्धलाई प्राथमिकतामा राखेको छ भन्ने बुझाउँछ । ४ डिसेम्बरमा प्रधानमन्त्री सामेल हुने कार्यक्रमले दुई देशका बीच जनस्तरका सम्बन्धहरू विकास गर्न सहयोग पुग्नेछ । यस्ता कार्यक्रममा प्रधानमन्त्री सामेल हुँदा जनस्तरमा त्यसको सकारात्मक असर पर्छ । खासगरी चिनियाँ व्यापारिक समुदायसँग प्रधानमन्त्रीले गर्ने अन्तरक्रियाले चिनियाँ लगानीकर्ताहरूलाई नेपालमा लगानीका लागि प्रोत्साहित गर्न र पर्यटन व्यवसायीहरूलाई चिनियाँ पर्यटकलाई नेपाल भ्रमणमा आउन प्रेरित गर्न सहयोग पुग्नेछ । अफिसियल र ठूला नेताहरूसँगका औपचारिक भेट सँगै जनस्तरसँग गरिने संवादको कूटनीतिमा महत्वपूर्ण अर्थ रहन्छ । प्रधानमन्त्रीको भ्रमणको यो एउटा महत्वपूर्ण पाटो हुनेछ ।

जहाँसम्म ९ बुँदे सहमतिको विषय छ ती विषय दुई देश बीचका नियमित सहयोग आदानप्रदान क्षेत्रका नै हुन् । कतिपय निकै लामो समयदेखि दुई देशका नेताहरूको भेटवार्ताका विषय बन्दै आएका र चीनले सहयोग दिने घोषणा भएकै विषय हुन् । यसबाहेक आर्थिक तथा प्राविधिक आदानप्रदानका सामान्य विषय छन् जसका बारेमा यहाँ चर्चा गरिरहनु नपर्ला । यसपटक निकै चर्चा पाएको बीआरआई सम्बन्धी दुई देशको वर्किङ मोडालिटीमा सम्झौता गर्ने चीनको प्रयास थियो । चीनको यो प्रयासलाई सीधै अस्वीकार गर्न या पन्छाउन प्रधानमन्त्री पनि तयार थिएनन् । तर प्रधानमन्त्रीलाई यता गठबन्धनको सहयात्री दलको चित्त बुझाउनु थियो । यससँगै कांग्रेस नेतृ आरजु राणा विदेश मन्त्रालय सम्हालिरहेकी छन् जसलाई बीआरआई सहमति गराउनुमा खासै रुचि पनि थिएन ।

मन्त्री राणाले प्रधानमन्त्रीको प्रतिनिधिका रूपमा या प्रधानमन्त्रीका प्रति उत्तरदायी हुने गरी विदेश सम्बन्धलाई निर्धारित गरेको पनि देखिएको छैन । प्रधानमन्त्री चेपुवामा थिए । उनीसँग दुई वटा विकल्प थिए- या त गठबन्धनलाई निरन्तरता दिने शर्तमा विदेश मामिलामा कांग्रेसका शर्त स्वीकार गर्नु या गठबन्धन टुटे पनि स्वतन्त्र विदेश नीति लिने । उनले दोस्रो बाटो रोजे । बेइजिङमा जे भयो त्यो पूर्वनिर्धारित थियो । भ्रमणले प्रधानमन्त्री आफैंले चीनबाट लिने लाभका बारेमा सार्वजनिक मञ्चहरूमा दिएका अभिव्यक्तिको पनि बचाउ गर्न नसक्ने अनुमान गर्न थालिएको छ । यसपालिको भ्रमणमा प्रधानमन्त्रीका दुईवटा कार्यसूची प्राथमिकतामा थिए । पहिलो बीआरआई कार्यान्वयन गर्ने मोडालिटीमा चीनसँग सम्झौता गर्ने र विकास सहायता प्राप्त गर्ने । यद्यपि प्रधानमन्त्रीका योजना छनोटमा परेको प्राथमिकता राम्रा मात्र थिएनन् ।

दोस्रो उनलाई दबाब दिइएको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न नेपालले चीनको बैंकबाट लिएको ऋण चीन सरकारलाई नै तिर्न लगाउने । पहिलोले पूर्वाधार निर्माणमा आवश्यक स्रोत व्यवस्थापनमा जोड दिन्थ्यो भने दोस्रोले देशमाथि बढ्दै गएको ऋणको भार कम गर्न मद्दत गर्थ्यो । पहिलोलाई बीआर आई अन्तर्गतका योजनामा ऋण नलिने नीति सार्वजनिक रूपमा वकालत गर्न थालेपछि चीन तर्केको थियो । दोस्रो बुँदा चाहिं चीनको नीति नबुझेर गरिएको गनगन मात्र थियो । एक महिना पहिले दूतावासमा भएको एउटा भेटमा नेपाली पत्रकारहरू समक्ष चिनियाँ राजदूतले चीनले ऋण दिएर मिनाहा गरेको इतिहास छैन भन्दै आफ्नो अडान प्रष्ट पारेकै थिए जसबारे प्रधानमन्त्री जानकार नहुने प्रश्नै उठ्दैन ।

यसरी हेर्दा यो भ्रमणबाट आम जनताले गरेको आशा अनुरूपको अपेक्षित उपलब्धि हासिल गर्न नसकेको देखिन्छ । स्वयं प्रधानमन्त्री भने यत्तिकैमा सन्तुष्ट भएका हुनसक्छन् किनभने उनले आफ्नो प्राथमिकतामा बीआरआईलाई राखेका थिएनन् । उनका मन्त्री र पार्टी नेताहरू नै एक कदम अगाडि बढेर चीनबाट ऋण लिइँदैन भन्दै बीआरआईकै धज्जी उडाइरहेका थिए । प्रधानमन्त्रीहरू सम्बन्धलाई जीवन्त बनाइरहन पनि अर्को देशमा जान्छन् । ओलीको भ्रमणलाई पनि त्यही सद्भाव भ्रमणका रूपमा लिनु उपयुक्त हुनेछ । यसपालि उनले भारतसँगको परम्परागत सम्बन्धको शैली परिवर्तन गरेका छन् । दिल्ली नगई पेकिङ जान हुन्न भन्ने जस्ता उपनिवेशकालीन परम्परा तोडेका छन् । यसो गरेर उनले नेपालको स्वतन्त्र विदेश नीतिलाई थप फराकिलो बनाउन मद्दत नै गरेका छन् ।

अब ओलीको चुनौती भने दिल्लीसँगको सम्बन्धलाई पनि लिकमा ल्याउनु हुनेछ । यो कूटनीतिक उल्झनको नेपाल पाटो मात्र अवश्य छैन । दिल्लीले नचाहिकन यसमा सुधार ल्याउन नेपालले मात्र बल गरेर सम्भव हुने कुरा पनि होइन । त्यसमाथि गठबन्धनको मुख्य हिस्सेदार दल नेपाली कांग्रेस प्रधानमन्त्रीसँग भारतको सम्बन्ध सुयिोस् भन्ने चाहँदैन । वर्तमान भ्रमणलाई चीनमा दिइएको महत्वको स्तरलाई हेर्दा चिनियाँहरूले दिल्लीसँगको सम्बन्ध सामान्य बनाऊ र चीनमा सहयोग र सहकार्यका लागि आऊ भन्ने सन्देश पनि दिन चाहेको जस्तो भान हुन्छ ।

हामीकहाँ एउटा प्रचलन जस्तो बनेको छ कि प्रधानमन्त्री विदेश जानु भनेको केही लिन जानु हो । विदेशले दिने दान या ऋणले हाम्रो अर्थतन्त्र उकासिन्छ । जुन प्रधानमन्त्रीले धेरै सहयोग ल्यायो उसको भ्रमण सफल भयो भन्ने अनर्थपूर्ण न्यारेटिभ बन्दै आएको छ । प्रधानमन्त्री ओलीको भ्रमणका विषयमा पनि यस्तो टिप्पणी शुरू हुनेछ । वास्तवमा यो गरिब देशका नागरिकको गरिब हुनुको हीनताबोधी रोग हो । र हाम्रो जस्तो देशको मनोविज्ञान नै स्मल कन्ट्री सिन्ड्रोम लिएर बनेको हुन्छ । जसले गर्दा जुन देशमा गए पनि यस्तो हुन्छ कि उस्तो हुन्छ कि भनेर संशयपूर्ण टीकाटिप्पणी सुरु हुन्छन् ।

यसपालि पनि प्रधानमन्त्रीको भ्रमण अगाडि बीआरआईको कार्यान्वयनका सन्दर्भमा चीनबाट ऋण लिनुहुन्न भन्ने अनर्थपूर्ण न्यारेटिभ स्थापित गर्ने र दबाब दिने प्रयास गरियो । विदेश भ्रमणमा जान लागेको प्रधानमन्त्रीलाई स्वतन्त्र रूपमा आफ्नो विदेश नीति तय गर्ने अधिकार नदिएर खासगरी सत्तारुढ नेपाली कांग्रेसले प्रधानमन्त्रीको हात-खुट्टा बाँध्ने काम गऱ्यो । सायद यही कारणले गर्दा प्रधानमन्त्रीको भ्रमण सद्भाव भ्रमणमा सीमित रहन पुग्यो ।

नेपालको आर्थिक विकास र खासगरी पूर्वाधारको विकास, औद्योगिक विकासमा अति आवश्यक पर्ने स्रोत (पूँजी) जुटाउने सन्दर्भमा र चीनसँगको कनेक्टिभिटी मार्फत नेपालको दीर्घकालीन भू-अर्थनीतिक तथा रणनीतिक सुरक्षा सुनिश्चित गर्ने मामिलामा यसपटक पनि नेपाल चुक्न पुग्यो । कांग्रेसले थापेको यो ढोक्साले नेपाललाई दीर्घकालसम्म नोक्सान पुग्ने निश्चित नै छ । प्रधानमन्त्रीको यो भ्रमण दुई वटा पक्षबाट इतिहासमा सम्झिन लायक हुनेछ । पहिलो हो- प्रधानमन्त्रीले बीआरआई कार्यान्वयन या सहकार्य सम्बन्धी कार्ययोजनामा सहमति गर्नबाट पछि हट्न गरेको सम्झौता र विदेश नीति निर्धारणमा एमालेले गुमाएको पहलकदमी । दोस्रो हो- कांग्रेसले लिएको बीआरआई विरोधी अडानबाट पर्ने प्रभाव ।

पहिलो विषय निकै गम्भीर महत्वको छ । शक्तिका दृष्टिले प्रधानमन्त्री ओली केवल गठबन्धन दलका निरीह प्रधानमन्त्री होइनन् । उनी संसद्को दोस्रो ठूलो दल नेकपा एमालेका अध्यक्ष पनि हुन् । सँगै उनले २०७२ को भारतीय नाकाबन्दी पछि निकै जोखिम उठाएर चीनसँग हिमालय वारपार सम्पर्क सञ्जालका विषयमा रणनीतिक महत्वको सम्झौता गरेर नेपालको विदेश नीतिलाई भारतीय दबाबबाट मुक्त राख्ने प्रयास पनि गरेका हुन् । त्यसयता आन्तरिक राजनीतिमा आफ्नो स्थान बलियो बनाइरहन उनले कूटनीतिक जुवा खेल्दै गरेका पनि हुन् । तर उनी जे गर्थे आफ्नो खुशीले गर्थे । यसपालि उनको त्यो शक्ति कतै देखिएन ।

बीआरआई चिनियाँ विदेश नीतिको मुख्य निर्देशक सिद्धान्त हो भन्नेमा ओली राम्रोसित परिचित छन् । नेपालको आर्थिथक विकास नयाँ चरणमा प्रवेश गर्न लागेको सन्दर्भमा यहाँ पूर्वाधार विकासका क्षेत्रमा आवश्यक पर्ने स्रोतका लागि उपलब्ध संयन्त्रहरूको खोजी गर्नु आवश्यक छ ताकि हामी स्रोतको खडेरीमा फस्नु नपरोस् । त्यसका लागि बीआरआई लगायत द्विपक्षीय र बहुपक्षीय संस्थाहरूको महत्वबारे पनि ओलीलाई जानकारी नभएको होइन । तर यसपटक नेकपा एमालेले आफ्ना अडानहरू त्यागेर परराष्ट्र नीति निर्माणको जिम्मेवारी गठबन्धनको सहयात्री नेपाली कांग्रेसलाई दिएको जस्तो छ ।

कांग्रेसले आरम्भदेखि नै बीआरआईलाई ऋणको पासोको रूपमा व्याख्या गर्दै आयो । जबकि बीआरआई सहकार्यको प्रस्ताव हो जसमा स्रोत व्यवस्थापनमा नेपालले माग गर्दा चीनले बीआरआई कोष मार्फत ऋण पनि दिन सक्छ । नेपालले छनोट गर्ने योजनामा चीनको सहयोग चाहिंदा उसले अनुदान मात्र दिन सकिन्न, केही तिमीहरू आफैं व्यहोर, केही हामी अनुदान पनि दिउँला त्यसले नपुगेर माग्छौ भने ऋण पनि दिउँला भनिरहेको हो । यस्तो योजना बनाउ, त्यसमा ऋण लगानी गर भनिरहेको होइन ।

बीआरआई आफैंमा ऋण त्यो पनि चर्को ब्याजमा अझ चीनले भनेको ठाउँमा लगाउनुपर्ने हो कि भन्ने जस्तो न्यारेटिभ बनाएर कांग्रेस बीआरआईलाई नेपालमा प्रवेश गर्नबाट रोक्न निरन्तर लागेको थियो । एमसीसीको समयका बहसले पनि यसलाई पुष्टि गर्छन् । यसमा भूराजनीतिक बाह्य खेलाडीको हात कति छ भन्ने त थाहा भएन तर कांग्रेसका नीति र नेपालमा चीनको भूमिका बढ्नुहुन्न भन्ने बाह्य शक्तिहरूको एउटै स्वार्थ मिल्नु संयोग मात्र होइन । कांग्रेसले प्रस्ताव गरेकै मस्यौदालाई स्वीकार गर्दै एमाले महासचिव लगायतका नेताहरूले नेपालको प्रस्ताव ऐतिहासिक भएको भन्ने वक्तव्य नै दिए । जबकि कांग्रेस यस मामिलामा औपचारिक रूपमा केही बोलिरहेको छैन ।

*(साभार: अनलाइनखबर)*

उपनिर्वाचन समीक्षा :

# उपनिर्वाचनको नतिजाबाट बेखुस एमाले




काठमाडौं/सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेले उपनिर्वाचनको नतिजाबारे औपचारिक प्रतिक्रिया सार्वजनिक गरेको छैन । पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली चीन भ्रमणमा रहेकाले एमाले नेताहरूको ध्यान पनि उतै तानिएको छ । संभवत: प्रधानमन्त्री ओली स्वदेश फर्किएपछि उपनिर्वाचनको नतिजाबारे एमालेमा समीक्षा र निर्णय हुन सक्छ । किनकि ओलीको अनुपस्थितिमा अरु नेताबाट पार्टीको धारणा बन्न नसक्नु केही वर्षयता एमालेको परम्परा बनेको छ ।

अरु दलका नेताहरूले भने उपनिर्वाचनबारे सार्वजनिक धारणा राखिरहेका छन् । उपनिर्वाचनको नतिजाबाट हौसिएको नेकपा माओवादी केन्द्रले त सार्वजनिक वक्तव्य जारी गररै आफ्नो कुरा राखेका छन् । अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले मंगलबार वक्तव्य जारी गरेर आफू नेतृत्वको सरकारले गरेको कामलाई उपनिर्वाचन मार्फत् जनताबाट समर्थन मिलेको निष्कर्ष सार्वजनिक गरेका छन् ।

"हाम्रो पार्टी नेतृत्वको सरकारले अघि सारेको सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिको एजेण्डालाई जनस्तरसम्म पुऱ्याउँदै पार्टीको आगामी बाटो र दृष्टिकोण सुस्पष्ट गर्ने अवसरको रूपमा उपनिर्वाचनलाई लिएका थियौं' वक्तव्यमा लेखिएको छ, 'निर्वाचित जनप्रतिनिधिको संख्या र जनमत दुवै हिसाबाट पार्टीले उत्साहजनक सफलता प्राप्त गरेको छ ।'

थप अगाडि बढेर प्रचण्डले नेपाली कांग्रेस र एमालेलाई हराउन सकेको सन्देश दिएका छन् । 'विभिन्न स्थानमा बनेको अवाञ्छित गठबन्धनलाई समेत चिर्दै जनताले प्रकट गरेको उत्साहपूर्ण समर्थनलाई हाम्रो पार्टी उच्च सम्मान गर्दछ', वक्तव्यमा भनिएको छ । प्रचण्डले उपनिर्वाचनको नतिजाबाट माओवादी आगामी चुनावमा एक्लै भिड्न सक्ने सन्देश पनि रहेको उल्लेख गरेका छन् ।

माओवादीको विगत हेर्दा उपनिर्वाचनमा यतिको उत्साह स्वभाविक हो । ०७४ यताका चुनावहरूमा कहिले कांग्रेस, त कहिले एमालेसँग गठबन्धन गर्दै आएको माओवादीले यसपटक एक्लै लडेको थियो । नतिजा भने उत्साहपूर्ण आयो । ०७९ मा आफूले जितेको रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिका र हुम्लाको सर्केगाड गाउँपालिकाको उपाध्यक्ष माओवादीले सुरक्षित गऱ्यो । पुथा उत्तरगंगा गाउँपालिकामा माओवादीविरुद्ध कांग्रेस-एमालेको साझा उम्मेदवार थियो ।

तर गठबन्धनविरुद्ध जितेर आफ्नो जित सुरक्षित गरेको माओवादीले अरु थप दुई पालिकाको पदाधिकारी थप्यो । मोरङको ग्रामथान गाउँपालिका अध्यक्ष र जाजरकोटको नलगाड गाउँपालिका उपाध्यक्ष जितेकाले प्रचण्ड आफै उत्साहित बन्न पुगेको बुझ्न सकिन्छ ।

७ वडाध्यक्ष समेतगरी ११ स्थानमा जितेर उपनिर्वाचनको नतिजामा आफ्नो पार्टी दोस्रो बनेको उतसाह माओवादी नेताहरूले लुकाएका छैनन् । ४४ स्थानको उपनिर्वाचनमा १९ स्थान जितेर कांग्रेस पहिलो शक्ति बन्दा माओवादीले जितेको संख्या दोस्रो धेरै हो । ८ स्थान जितेको एमाले तेस्रो बन्यो ।

अर्थात् एक्लै लडेर जितेको मात्र नभएर एमालेलाई पछि पार्न सकेकोमा माओवादी नेताहरू उत्साहित रहेको सहज अनुमान गर्न सकिन्छ । अन्यथा, यति कम संख्यामा सम्पन्न उपनिर्वाचनको नतिजालाई आधार मानेर धेरै उत्साहित अथवा निराश भइहाल्नेपर्ने देखिँदैन । तर राजनीतिक पृष्ठभूमिका कारण एमाले उछिन्दा माओवादीमा उत्साह देखियो । जसको बलियो उदाहरण कीर्तिपुर नगरपालिकामा सम्पन्न मेयर पदको उपचुनाव हो ।

यहाँ एमाले उम्मेदवार सुरेन्द्र मानन्धरभन्दा माओवादीका शिवशरण महर्जनले धेरै मत ल्याए । एमालेका मानन्धरले ४ हजार ३३७ मत पाउँदा माओवादीका महर्जनले ४ हजार ५५५ मत पाएका थिए । यो नतिजालाई लिएर माओवादी पंक्ति उत्साहित बन्यो, प्रचण्डकै वक्तव्यमा पनि यो कुरा लुकेन । जबकि कीर्तिपुरको मेयर कांग्रेसका कृष्णमान डंगोलले जितेको हो । तर ५ हजार ३३४ मत ल्याएर डंगोलले जितेपनि माओवादी खुसी हुनुमा एमालेलाई आफ्ना उम्मेदवारले पछि पार्न सक्नु हो ।

अनि माओवादीले जितेको संख्या र बढाएको जमानतकै कारण एमाले पंक्ति प्रतिक्रियाविहीन बन्न पुगेको छ । नत्र एमालेले थपेको संख्या आफैंमा निराश भइहाल्नेपर्ने होइन । ०७९ को चुनावमा हारेको दैलेखको महाबु गाउँपालिका अध्यक्ष, बाजुराको स्वामीकार्तिक गाउँपालिका उपाध्यक्ष र दैलेखको गौरीशंकर गाउँपालिका उपाध्यक्ष जितेको छ ।

यो उपचुनावमा एमालेले गुमाएको भनेको २ वटा वडा हो । एमालेले जितेको ७ वडामा उपनिर्वाचन भएपनि उसले यसपटक ५ वडामा मात्रै जितेको छ । यस्तो अवस्थामा मतदातालाई धन्यवाद दिने, सिट संख्या बढेमा सकारात्मक निष्कर्ष निकाल्ने जस्ता धारणा सार्वजनिक गर्न एमाले नेताहरूलाई सोचिरहनुपर्ने कुरा होइन । तर एमाले पंक्ति हर्ष न विस्मातकै परि स्थितिमा गुज्रिरहेको छ । 'अपेक्षित नतिजा आउन सकेन, त्यसैले खुसी भइराखनुपर्ने अथवा कुनै वक्तव्य जारी गर्नुपर्ने भएन' प्रचार विभाग प्रमुख राजेन्द्र गौतम भन्छन्, 'तर जति प्राप्त गऱ्यौं, त्यो उपलब्धि हो । यसलाई निराशाजनक नतिजाका रूपमा लिदैनौं ।'

यसको अर्थ आफैंले थपेको सिट संख्या भन्दा पनि माओवादीले गरेको प्रगतिले एमाले खुलेर रमाउन नसकिरहेको प्रष्ट हुन्छ । एमालेका एक नेता यस्तो तथ्य स्वीकार्छन् । उनी भन्छन्, 'कांग्रेसबाट त हामीले मात्र होइन, अरुले पनि सिट संख्या खोसेको छ । तर माओवादी सहित साना शक्ति कमजोर पार्ने उद्देश्यलाई उपनिर्वाचनले सहयोग गरेन ।'

हुनपनि माओवादीलाई कमजोर पार्न उसको पकड रहेको क्षेत्रहरूमा एमाले नेताले कांग्रेसको रुख चिन्हमा उम्मेदवारी दिने र मतदान गर्ने जस्ता निर्णयसम्म भयो । पश्चिम रुकुमको सानीभेरी गाउँपालिका-५, को वडाध्यक्षमा कांग्रेस नेता मोतीराम खत्री एमालेको पनि समर्थनमा उम्मेदवार थिए । एमालेले पनि रुख चिन्हमा मतदान गर्दा खत्रीले ५९० मत ल्याएर वडाध्यक्ष जिते भने माओवादीका जसीराम बस्नेतले ५३७ मत ल्याए ।

रुकुम पूर्वको पुथा उत्तर गंगा गाउँपालिका उपाध्यक्षमा त रुख चिन्ह लिएर एमाले नेता उम्मेदवार बन्दा पनि जित्न सकेन । एमाले जिल्ला उपसचिव केशकुमारी तुलाचन रुख चिन्हबाट उम्मेदवार थिइन् । तर माओवादीकी नरपुरा बुढाले ३ हजार ६२७ मत ल्याएर पालिका उपाध्यक्ष जित्दा एमालेकी तुलाचन २ हजार १२८ मतमा सीमित भइन् ।

पुथा उत्तरगंगाकै २ नम्बर वडामा त एमाले उम्मेदवारले माओवादीसँग प्रतिस्पर्धा गर्नै चाहेन । कांग्रेसकै समर्थनमा वडाध्यक्षका उम्मेदवार बनेका जीवन रोकाले उम्मेदवारी फिर्ता लिंदा माओवादीका जगत घर्ती निर्विरोध भए । माओवादीले पनि रुकुम पूर्व र पश्चिमका यी क्षेत्रलाई राष्ट्रिय सन्देशका रूपमा प्रचार गरिरहेको छ । र, एमाले पंक्ति रक्षात्मक बन्न पुगेको छ । एमाले निर्वाचन विभाग प्रमुख निरज आचार्य भने उपनिर्वाचनमा प्राप्त नतिजाबाट एमाले खुसी नै हुनुपर्ने बताउँछन् ।

'कसैले जितेको स्याइ हुइयाँ गर्नुभन्दा पनि तथ्यहरू हेरेर वास्तविक निष्कर्ष निकाल्नु सही हुन्छ' आचार्य भन्छन्, 'उपनिर्वाचनमा एमालेले राम्रो नाफा गरेको छ ।' एमालेसँग रहेको २०७ पालिका अध्यक्ष/मेयर, २४२ उपाध्यक्ष/उपमेयर र २ हजार १२५ वडाध्यक्ष हेरेर धारणा बनाउनुपर्ने उनको तर्क छ ।

**जितेको क्षेत्रमा उत्साह**

पालिका पदाधिकारी जितेको क्षेत्रका एमालेमा उत्साह छ । विशेषगरी बाजुराको स्वामीकात्तिक र दैलेखको महाबुमा एमाले उम्मेदवारले जित्दा त्यहाँका नेताहरू प्रशन्न देखिन्छन् । यी दुवै क्षेत्रमा केन्द्रीय नीति भन्दा पनि स्थानीय पहलकदमीले काम गरेकाले उनीहरू प्रशंन्न हुनु स्वभाविकै हो । स्वामीकार्तिकको पालिका उपाध्यक्ष जित्न एमालेले माओवादीको समर्थन लिएको थियो ।

त्यहाँका माओवादीले पनि केन्द्रीय नीति र नेतृत्वसँग विद्रोह गररै एमाले उम्मेदवारलाई समर्थन गरेका थिए । 'हामीले उहाँ फरक अभ्यास गर्यौं, एकप्रकारले भन्दा वाम एकताको आधार तयार पार्‍यौं' एमाले स्थायी कमिटी सदस्य कर्ण थापा भन्छन्, 'पहिले माथिबाट गरिएको एकता टिकेन, अब तलबाट वाम एकताको जग बनाउने सन्देश दिएका छौं ।'

माओवादीको समर्थन लिएरै एमालेकी सुलोचना कुमारी भण्डारीले १७४० मत सहित पालिका उपाध्यक्ष जित्दा कांग्रेसकी पुल्तीसरा शाहीले १४७४ मत पाएकी थिइन् । ०७९ मा यहाँ कांग्रेसले जितेको थियो । यसअघि कांग्रेसले जितेको पालिका प्रमुख खोस्न एमालेले दैलेखको महाबुमा त एकीकृत समाजवादीकै नेतालाई टिकट दियो । उपनिर्वाचन हुनु केही समयअघि मात्र पार्टीमै फर्काएर जंगबहादुर शाहीलाई एमालेले पालिका अध्यक्ष पदको उम्मेदवार बनाएको थियो ।

पुरानै पार्टीमा फर्किएका जंगबहादुरले राम्रै मतान्तरले जिते । कांग्रेसका झलकबहादुर भण्डारीले २६७५ मत ल्याउँदा ३१२७ मत पाएर एमाले उम्मेदवार शाहीले अध्यक्ष जिते । शाहीले २०७४ मा पनि अध्यक्ष जितेका थिए । तर पार्टी विभाजन भएकाले शाही एकीकृत समाजवादीतिर लाग्दा एमालेले २०७९ को चुनाव हार्यो ।

उपनिर्वाचनमा एमालेले पालिका पदाधिकारी जितेको अर्को क्षेत्र हो, गौरीशंकर । दोलखाको गौरीशंकर गाउँपालिका उपाध्यक्षमा यसपटक भएको जित स्वभाविक रहेको पोलिटब्यूरो सदस्य पार्वत गुरुङ बताउँछन् । 'यो स्वभाविक जित हो, त्यसैले यो जितमा पार्टीको संगठनात्मक अवस्था र जनताको साथभन्दा अर्को कारण छैन' उनी भन्छन्, 'यसअघि त पार्टी विभाजन भएको, हाम्राविरुद्ध गठबन्धन बनेको र केही आन्तरिक कारण पनि भएकाले प्राविधिक रूपले मात्र हारेका थियौं ।' यद्यपि उपनिर्वाचनमा भएको जितमा पार्टी पंक्ति खुसी नै रहेको उनी बताउँछन् ।

*(स्रोत: अनलाइनखबर)*

# बीआरआई फ्रेमवर्क सम्झौता नगरी आयो नेपाल-चीन संयुक्त वक्तव्य

काठमाडौं/नेपाल र चीनले सबैभन्दा बढी प्राथमिकता दिएको बीआरआई फ्रेमवर्क सम्झौतामा हस्ताक्षर नै नगरी नेपाल-चीन संयुक्त वक्तव्य जारी भएको छ । चीनले प्रस्ताव गरेको बीआरआई कार्यान्वयन योजनामाथि समीक्षा गर्ने तथा दुई मुलुकबीचको सहमतिको बिन्दू पहिल्याउन दुवै मुलुकले करिब एक महिनाको समय खर्चेका थिए । प्रधानमन्त्रीको भ्रमणमा अन्य एजेन्डालाई थाती राख्दै सम्पूर्ण ध्यान त्यही दस्तावेजलाई अन्तिम रुप दिनमा सरकारले ध्यान लगाएको थियो ।

अन्तिममा नेपालले फ्रेमवर्क फर बेल्ट एन्ड रोड कोअपरेसनको नाममा आफूले हस्ताक्षर गर्न चाहेको दस्तावेज चिनियाँ पक्षलाई पठाएको थियो । त्यो दस्तावेजमा चिनियाँ पक्षले पनि सकारात्मक सन्देश दिएपछि प्रधानमन्त्री ओली उत्साहित भएर चीन भ्रमणमा गएका थिए । तर, सो दस्तावेजमा चीनले संशोधन गरेर मात्रै हस्ताक्षर गर्ने बताएपछि दुई मुलुकबीच त्यसमा सहमति हुन सकेन र मंगलवार त्यसमा हस्ताक्षर भएन । त्यो सम्झौतालाई छोडेरै मंगलवार साँझ दुई मुलुकले संयुक्त बक्तव्य जारी गरेका छन् ।

संयुक्त वक्तव्यमा जतिसक्दो चाँडो फ्रेमवर्क फर बेल्ट एन्ड रोड कोअपरेसनमा हस्ताक्षर गर्ने भन्ने विषय उल्लेख छ । तर, त्यो चाँडो भनेको भोलि नै पनि हुनसक्ने र निकै लामो समय पनि हुनसक्ने चिनियाँ भ्रमण दलमा सहभागी एक सदस्यले बताए ।

सरकारले निर्माण गर्ने बीआरआई अन्तर्गतका परि योजनाहरु 'अनुदानमा आधारित लगानी'मा गर्ने प्रस्ताव नेपालले गरेकोमा चीनले अनुदान शब्द हटाएर पठाएपछि त्यसमा दुई पक्षबीच सहमति जुट्न सकेन । त्यसको विकल्पमा कुन शब्द वा वाक्यांश राख्ने भन्ने विषयमा मंगलवार दिनभर छलफल चले पनि निष्कर्षमा पुग्न नसकिएको हो । मंगलवार साँझसम्म पनि मस्यौदामाथि छलफल भइरहेकाले बुधवार यसमा हस्ताक्षर हुने सम्भावना रहेको एक नेताले बताए । तर, सामान्यतया संयुक्त वक्तव्य आईसकेपछि सम्झौताहरुमा हस्ताक्षर हुँदैन ।

त्यति मात्रै होइन, नेपालले सम्झौतामा प्रस्ताव गरेका परियोनजामध्ये दुईवटा परियोजनाको नामसमेत चिनियाँ पक्षले हटाएर पठाइदिएका थिए । 'मदन भण्डारी प्राविधिक विश्वविद्यालय र काठमाडौं रिङरोडमा प्रसारण लाइन बनाउने विषय पनि सम्झौताको मस्यौदाबाट हटाएर पठाएका छन्,' स्रोतले भन्यो । तर, मदन भन्डारी विश्वविद्यालयब बनाउने विषयमा नेपालले अनुरोध गरेको भन्ने विषय संयुक्त वक्तव्यमा छ ।

बीआरआई मात्रै होइन, टान्स हिमालय मल्टी डाइमेन्सनल कनेक्टिभिटी नेटवर्क बनाउने समझदारीपत्रमा पनि हस्ताक्षर गर्न दुई मुलुक तयार रहेको संयुक्त बक्तव्यमा उल्लेख छ । यसअघि पूर्वअर्थमन्त्री वर्षमान पुन चीन भ्रमणमा जाने र यो सम्झौतामा हस्ताक्षर गर्ने तयारी थियो । चीनसँग नेपालले 'अनुदान, सफ्ट लोन, सहुलियतपूर्ण ऋण, ब्याजर हित ऋण र ग्लोबल डेभलपमेन्ट एन्ड साउथ-साउथ फन्डबाट समेत ऋण लिने' विषय यो सम्झौतामा उल्लेख छ ।

तर, बीआरआईका सन्दर्भमा नेपालले अहिलेसम्म लिएको पोजिसनभन्दा त्यो फरक किसिमको दस्तावेज भएको स्रोतको भनाइ छ । 'बीआरआईका सन्दर्भमा नेपालले ग्लोबल डेभलपमेन्ट एन्ड साउथ-साउथ फन्डबाट सहयोग लिने प्रतिबद्धता नेपालले अहिलेसम्म गरेको छैन,' मन्त्रालय स्रोत भन्छ । दुई दलीय संयन्त्रमा यो सम्झौता नगर्ने सहमति भए पनि दुई देशको संयुक्त वक्तव्यमा भने यसका लागि दुवै देश तयार भएको उल्लेख छ ।

**केके विषय परे संयुक्त वक्तव्यमा**

यसअघि जस्तै यसपटक पनि नेपाल चीनको एक चीन सिद्धान्तप्रति प्रतिबद्ध रहेको, चीन नेपालको स्वतन्त्रता र सार्वभौम सत्ताप्रति प्रतिबद्ध रहेको कुरा दोहोरिएको छ । तर, नेपालले राष्टिय एकता पुनप्राप्त गर्ने चीनको प्रयासलाई समर्थन गर्ने र ताइवान स्वतन्त्रताको विरोध गर्ने भन्ने शब्दावली संयुक्त वक्तव्यमा सम्भवत: पहिलोपटक परेको छ ।

दुवै पक्षले दुई देशबीचको सम्बन्धलाई बलियो बनाउन बन्दरगाह, सडक, रेलवे, उड्डयन, पावर ग्रिड, र टेलिकम जस्ता क्षेत्रहरूमा सम्बन्ध विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरेको, जसले नेपाललाई भूपरिवेष्ठित मुलुकबाट भूलिंकित देशमा रूपान्तरण गर्ने संयुक्त वक्तव्यमा उल्लेख छ । त्यस्तै, चीनले अरनिको राजमार्ग मर्मत परि योजनाको चौथो चरण र हिल्सा-सिमकोट सडक परियोजना अगाडि बढाउने विषय पनि संयुक्त वक्तव्यमा उल्लेख छ ।

काठमाडौं रिङ रोड सुधार परियोजनाको दोस्रो चरण कार्यन्वयन गर्ने र टोखा-छहरे सुरुङको सम्भाव्यता अध्ययन चीनले गरिदिने सहमति भएको पनि वक्तव्यमा उल्लेख छ ।


स्याप्रुबेशी-रसुवागढी राजमार्ग मर्मत परियोजनालाई अघि बढाउँदा दुबै पक्षले राजमार्गको बाधा हटाउन र यसको निर्माणलाई तीव्रता दिन सहमति जनाएको पनि उल्लेख छ । कोशी आर्थिक करिडोर, गण्डकी आर्थिक करिडोर, र कर्णाली आर्थिक करिडोरका तीन उत्तर-दक्षिण करिडोरहरूका विकासका लागि सहकार्यको सम्भाव्यता अध्ययन गर्ने प्रतिबद्धता गरिएको पनि संयुक्त वक्तव्यमा उल्लेख छ ।

जिलोङ-केरुङ-रसुवागढी बन्दरगाह, झाङ्मु-कोदारी बन्दर गाह, पुलान-यारी बन्दरगाह, र लिजी-नेचुङ (कोरला, मुस्ताङ) बन्दर गाहहरूको सुव्यवस्थित सञ्चालनको पनि विषय पनि संयुक्त वक्तव्यमा उल्लेख छ । चीनले कोरला, मुस्ताङमा भन्सार डिपोर एकीकृत जाँच पोस्ट निर्माणमा सहयोग पुर्याउने प्रतिबद्धता जनाएको पनि वक्तव्यमा उल्लेख छ ।

जिलोङ-केरुङ-काठमाण्डौ क्रस-बोर्डर रेलवेको सम्भाव्यता अध्ययन अघि बढाउने र चीन-नेपाल रेलवे सहकार्यको नवौं बैठक आयोजना गर्ने विषयमा पनि सहमति भएको बक्तव्यमा उल्लेख छ ।

*(स्रोत: अनलाइनखबर)*

# वर्षा रिसाउँदा 'तेल भिसा'का निर्मातालाई लाखौं घाटा



काठमाडौं/लगभग ७० प्रतिशत छायांकन अमेरिकामा गरिएको फिल्म 'तेल भिसा' यतिबेला हलमा प्रदर्शनरत छ । प्रतिक्रिया राम्रो मिलेको भए पनि हलमा दर्शकको उपस्थिति अपेक्षित नहुँदा फिल्मले घरेलु बजारबाटै लगानी उठाउने सम्भावना टरिसकेको छ । यही बिहीबार आउन लागेको साउथ फिल्म 'पुष्पा २'का कारण धेरै हलबाट फिल्म उत्रने देखिन्छ । फिल्ममा लगानी मात्र तीन करोड माथि छ ।

'तेल भिसा'को करिब एक महिना अमेरिकामा छायांकन भएको थियो । त्यसका लागि नेपालबाट अभिनेता विपिन कार्की, अभिनेत्री वर्षा राउत, छायाँकार सुशन प्रजापतिसहितको टिम अमेरिका पुगेको थियो । छायांकनका लागि अनुमति नै लिइएकाले अमेरिका सेड्युलमा निर्माण टिमले ठूलो समस्या बेहोर्नुपरेन । तर, वर्षाका कारण भने एक दिन छायांकन रोकिएको रहेछ ।

हालै एक अन्तर्वार्तामा फिल्मका निर्देशक शंकर घिमिरेले टेक्निकल टिमसँग वर्षाको झगडा पर्दा एक दिन छायांकन रोकिएको बताए । 'उहाँको टेक्निकल टिमसँग झगडा पर्दा एक दिन छायांकन नै हुन पाएन । हामीले हरेक ठाउँमा अनुमति लिएर छायांकन गरेका थियौं । त्यहाँ एक दिन ब्रेक हुनु भनेको ठूलो घाटा हो । दिनकै हिसाब गर्ने हो भने ५/७ हजार डलर खर्च हुन्छ,' उनले भने ।

छायांकन नै रोकिएपछि आफ्नो चित्तदुखाई वर्षासँग राख्दा उनले माफी मागेको निर्देशक घिमिरेले बताएका छन् । यद्यपि, उनलाई आफू पुरानो मेकर भएर फिल्मलाई नपत्याएको हो कि भन्ने लागेको रहेछ । तर, आफूले सबै कलाकारलाई राम्रो व्यवहार गरेको उनको भनाई छ । उनी फिल्मको टिम परिवारको सदस्यजस्तै हुने भएकाले रिसाउनु र मिल्नुलाई भने सामान्य नै मान्छन् ।

सोही अन्तर्वार्तामा शंकरकी श्रीमती तथा अभिनेत्री ऋचा घिमिरेले वर्षा मुडी स्वभावको रहेको बताएकी छन् । उनले भनेकी छन्, 'धेरै भागदौड भएकाले अमेरिका सेड्युलमा ऊ (वर्षा)सँग त्यस्तो समय विताउन पाइएन । पर्सनल लेभलमा वर्षा अलिकति मुडी छ । झट्ट रिसाइहाल्ने, झट्ट खुसी भइहाल्ने स्वभाव छ उसको । तर, उसको मनमा पाप छैन जस्तो लाग्छ ।' उनले वर्षाको कामको भने खुलेर प्रशंसा गरेकी छन् । उनको डाइलग डेलिभरीबाट ऋचा प्रभावित भएकी छन् ।

# उत्तम र सौगातपछि 'कल्ली'मा जोडिए वर्षा र नाजिर



काठमाडौं/राष्ट्रिय अवार्ड जित्न सफल 'बुलाकी'का निर्देशक लक्ष्मण सुनारको दोस्रो फिल्म 'कल्ली'मा कलाकारहरुको 'लाइनअप' रोचक बनिरहेको छ । यही फिल्मबाट अभिनेता उत्तम प्रधानले करिब एक दशकपछि कमब्याक गर्दैछन् । यसमा सौगात मल्लको पनि मुख्य भूमिका रहनेछ । यसैबीच, अभिनेता नाजिर हुसेन र अभिनेत्री वर्षा राउतलाई फिल्ममा अनुबन्धित गरिएको छ ।

आगामी पुष १० गतेबाट छायांकन सुरु हुन लागेको फिल्ममा बेनिशा हमाल, अर्पण थापा, बुद्धि तामाङ, कमलमणि नेपाल, माओत्से गुरुङ, रविन्द्र झा, विनोद न्यौपाने, रेअर राईको पनि अभिनय रहने निर्माता किरण नेपालीले जानकारी दिए । फिल्ममा महेश दवाडीको पटकथा तथा संवाद लेखन छ । कथा भने निर्देशक सुनार स्वयंको हो ।

पौराणिक कथामा बन्न लागेको फिल्ममा निसाल पौडेलको छायांकन, एसडी योगीको संगीत तथा रामजी लामिछानेको कोरियोग्राफी रहनेछ । फिल्मको निर्माण घोषणा गर्दा आगामी चैत २९ गते अर्थात् नयाँ वर्षलाई प्रदर्शन मिति निश्चित गरिएको थियो । तर, स्क्रिप्ट लेखन र कलाकार छनोटका कारण छायांकनमा निस्कन ढिलाई हुँदा अब पूर्वघोषित मितिमा फिल्म रिलिज नहुने देखिएको छ ।

# नेपालका हलमा रातभरि चल्दै 'पुष्पा २', टिकट बिक्री आक्रामक



काठमाडौं/भारतमा मात्र होइन, नेपालमा पनि लामो समयदेखि प्रतीक्षा भइरहेको फिल्म हो, 'पुष्पा २' । यसको अघिल्लो श्रृंखलाले नेपालमा उल्लेख्य कमाएको थियो । अब सिक्वेलले बक्स अफिसमा सुनामी ल्याउने देखिएको छ । सोमबारबाट मल्टीप्लेक्सहरुमा खुलेको अग्रिम टिकट बुकिङको अवस्था हेर्दा फिल्मले नेपालमा तीन करोडको ओपनिङ गर्ने निश्चित छ । शो मात्र ५ सयभन्दा बढी छ ।

'पुष्पा २'लाई नेपालका केही हलले २३ घण्टासम्म चलाउँदै छन् । काठमाडौंको कमलपोखरीस्थित बिग मुभिजले फिल्मलाई बिहान ४:१५ बजेदेखि मध्यरातको ११:५५ बजेसम्म शो उपलब्ध गराएको छ । ३ घण्टा १५ मिनेट लम्बाईको फिल्म भएकाले विज्ञापन (५ मिनेट) र मध्यान्तरको ब्रेक (१० मिनेट) सहित गरी साँझ ११:५५ बजे हल झिरेका दर्शकहरु बिहानको ३:२५ बजे मात्र निस्कनेछन् । अर्थात् यो हल २४ घण्टामा ५० मिनेट मात्र बन्द हुनेछ ।

प्राय:जसो हलहरुले भने बिहान ५ बजेदेखि साँझ ११:४५ बजेसम्मको शो खुलाएका छन् । र, बिहीबारका लागि बिहानदेखि मध्यरात सम्मका लगभग ७० प्रतिशत शो हाउसफुल भइसकेका छन् । बुधबार साँझसम्म करिब ९० प्रतिशत शो 'सोल्डआउट' हुने देखिएको छ । 'डोरसेल' पनि राम्रो हुने भएकाले बिहीबार फिल्मको टिकट हाहाकार देखिन सक्छ । यसले पनि फिल्मको नेपाल ओपनिङ आक्रामक हुने देखाउँछ ।

'पुष्पा २'लाई ४ करोड भारु (नेपाली ६ करोड ४० लाख रुपैयाँ)मा नेपाल भित्राइएको हो । यो रकम उठाउन फिल्मले कम्तीमा १८ करोड कमाउनैपर्छ । 'वर्ड अफ माउथ' राम्रो रहेको अवस्थामा फिल्मलाई यो अंक टाढा भने छैन । यसअघि केही विदेशी फिल्मले नेपालमै २२ करोडमाथि कमाएका छन् । 'पुष्पा २'को क्रेज हेर्दा यसले नेपालमा २० करोडको आँकडा टेक्न सक्ने देखिन्छ ।

'पुष्पा २'को डरले पुष पहिलो सातासम्म नेपाली फिल्म नै छैनन् । यो फिल्मलाई शो उपलब्ध गराउन हलमा प्रदर्शन भइरहेका नेपाली फिल्मलाई समेत बिहीबारबाट उतारिँदैछ । 'पूर्णबहादुरको सारङ्गी'लाई भने अझै धेरैजसो हलले टिकाउने देखिएको छ । तर, 'पुष्पा २'का कारण 'सारङ्गी'को ५० करोडको लक्ष्य भने सफल हुने सम्भावना झिनो बनेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# पहिरोमा पुरिएका ६ किशोर खेलाडीको न्यायका लागि हस्ताक्षर अभियान



साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ मकवानपुरको उत्तरीक्षेत्रस्थित इन्द्रसरोबर गाउँपालिकाको ३ नम्बर वडाको सिस्नेरी पहिरोमा परी ज्यान गुमाएका फुटबल बालखेलाडीको न्यायको लागि भन्दै भक्तपुरबाट हस्ताक्षर अभियान सुरु गरिएको छ ।

उच्चस्तरीय संसदीय छानबीन समिति गठनको माग गर्दै मेची-महाकाली हस्ताक्षर अभियान सुरु भएको हो । अखिल नेपाल फुटबल संघ (एन्फा)कै कमजोरीका कारण घटनामा अभिभावकले आफ्ना अवोध बालक गुमाएको र खेल क्षेत्रले भविष्यका होनहार खेलाडी गुमाएको भन्दै 'हाम्रो अभियान नेपाली फुटबलमा आमूल परिवर्तन'ले हस्ताक्षर अभियान सुरु गरेको हो ।

अभियानका संयोजक राम प्रजापतिले देशव्यापी हस्ताक्षर संकलन गरी जिल्ला प्रशासन कार्यालय र प्रतिनिधिसभाका सभामुखलाई बुझाउने कार्यक्रम रहेको बताए । उनले हस्ताक्षर अभियान एक महिनासम्म सञ्चालन गरिने र प्रत्येक जिल्लामा पुग्ने जानकारी दिए ।

हस्ताक्षर अभियानले गत असोज १२ गते मकवानपुर जिल्लाको ईन्द्रसरोवर गाउँपालिका- ३ स्थित बत्सलादेवी माविमा पहिरोमा परी एन्फा सिस्नेरी एकेडेमीमा रहेका ६ किशोर खेलाडीको ज्यान गएको विषयमा उच्चस्तरीय संसदीय छानबीन समिति गठन माग गरेको छ ।

घटनामा एकेडेमीमा रहेका किशोर खेलाडी आदित्य बलम्पाकी, विकल रेग्मी, प्रियान्स आचार्य, दिवस बानियाँ, अनुपम घलान र साइमन योञ्जनको ज्यान गएको थियो । कुलेखानीको ड्याम खोलेपछि पानीले बगाउने हल्ला र त्राशले बच्न निस्केका किशोर खेलाडीको पहिरोमा परी ज्यान गएको थियो ।

पीडित परिवारले यसअघि प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक, बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिं लामालगायतलाई ध्यानाकर्षण गराउँदै घटनाको छानबीन हुनुपर्ने माग राखेको भए पनि सुनुवाइ नभएको गुनासो गर्दै आएका छन् । यस्तो घटना भइसक्दा पनि एन्फाले कुनै छानबीन नगरेको र नेतृत्वले ज्यान गुमाउनेका आफन्तलाई थप पीडा दिएको परिवारजनको आरोप छ ।

# लैंगिकहिंसाविरुद्ध विद्यालयमा जनचेतना

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ हेटौंडा उपमहानगरपालिका-१९ स्थित लेखपानीको एक विद्यालयमा लैंगिकहिंसाविरुद्ध एकदिने कार्यक्रम भएको छ । लेखपानीको जीवनज्योति आधारभूत विद्यालयमा माइती नेपालको संयोजकत्वमा कार्यक्रम भएको हो ।

लैंगिकहिंसाविरुद्ध १६ दिने अभियान चलिरहँदा अभियान अन्तर्गत् आठौं दिनमा बालबालिका माथि हुने हिंसा तथा बेचबिखनविरुद्ध जनचेतनामूलक कार्यक्रम गरिएको माइती नेपाल मकवानपुर कार्यक्रम संयोजक माया लामाले जानकारी दिइन् । हेटौंडा-१० मा मानव बेचबिखनबाट प्रभावितहरुको उद्दार, स्वदेशफिर्ता र सामाजिक पुनर्स्थापनाका लागि मानक सञ्चालन कार्यविधि अविलम्ब कार्यान्वयनका लागि सरकारसँग जोडदार मागसहित हस्ताक्षर गरिएको थियो ।

हस्ताक्षर १६ दिने अभियानको अन्तिम दिन प्रहरीप्रमुख (एसपी) लाई बुझाइने छ । दुवै कार्यक्रममा माइती नेपाल संयोजक लामा, मन लामा, ककसाना हातहरु नामक संस्थाका डिकम्बर रुपाचा, दीपक रुम्बा, हेटौंडा-१० स्थित सामुदायिक प्रहरी उपसेवा केन्द्र बसपार्क अध्यक्ष प्रदीप कँडेल, विद्यालयका प्रधानाध्यापक कुमारसिंह गोले र अभिभावकलगायतको उपस्थिति थियो ।

# मुख्यमन्त्री लामाले भने, 'धार्मिक स्वतन्त्रता लोकतन्त्रको बलियो पक्ष'



साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ बागमती प्रदेश सरकारका मुख्यमन्त्री बहादुरसिंह लामा तामाङले लोकतन्त्रको बलियो पक्ष धार्मिक स्वतन्त्रता रहेको बताएका छन् ।

उनले संविधान निर्माण पछि देशमा धार्मिक स्वतन्त्रता रहेको बताए । राष्ट्रिय ख्रीष्टियन महासंघ नेपाल मकवानपुरद्वारा मंगलबार हेटौंडामा आयोजित शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री लामाले लोकतन्त्रपछि देशमा धार्मिक स्वतन्त्रता आएको बताए । पञ्चायतकालमा धर्म प्रचार गर्दा धार्मिक स्वतन्त्रतामा बन्देज लागेर धेरैले कारबाही भोग्नुपरेको भन्दै लोकतन्त्रको सबल पक्ष भनेकै सबैमा स्वतन्त्रता हुनु रहेको बताए ।

लोकतन्त्रपछि मठ, मन्दिर, गुम्बा, चर्च निर्माणमा तीव्रता आएको बताउँदै उनले धार्मिक स्वतन्त्रतामा अरुलाई होच्याएर विभेद गर्न नहुने बताए । आ-आफ्ना फरक आस्था र विश्वास बोकेका भएता पनि हामी सबै नेपाली भएकाले फरक आस्थाको कारणबाट आफ्नो देशप्रतिको माया र नागरिक दायित्वबोधमा कुनै तलमाथि गर्न नहुने उनले बताए ।

ख्रीष्टियन समुदायले शिक्षा, स्वास्थ्य र सामाजिक सेवाको माध्यमबाट मुलुकको विकास र समाजको अग्रगतिका लागि महत्वपूर्ण योगदान पुँयाउँदै आएको भन्दै मुख्यमन्त्री लामाले हामीले आ-आफ्ना आस्था, विश्वास र पहिचानलाई कायम राख्दै आम जनताको जीवनस्तरलाई माथि उठाउन सामाजिक न्यायसहितको आर्थिक समृद्धितर्फ अग्रसर हुनुपर्नेमा जोड दिएका छन् ।

कार्यक्रममा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले धर्ममा सबैको स्वतन्त्रता रहेको बताइन् । धार्मिक स्वतन्त्रताको नाममा अराजक व्यक्तिले विभेदका घटना पैदा गरेको हुँदा त्यस्तालाई कानुनी दायरमा ल्याउनुपर्नेमा जोड दिएकी थिइन् । उनले लोकतन्त्रपछि हाम्रो मुलुक सांस्कृतिक एवम् भौगोलिक विविधताले भरिपूर्ण रहेको बताइन् ।

राष्ट्रिय ख्रिष्ट्रियन महासंघ मकवानपुरका अध्यक्ष नवराज घलानको अध्यक्षतामा भएको कार्यक्रममा घलानले फरक आस्था र विश्वास बोकेका आफ्ना नागरिकप्रति राज्यका तर्फबाट समभाव र समव्यवहार गरिदिन आग्रह गरेका छन् । कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, जिल्लाका विभिन्न राजनीतिक दलका प्रमुखलगायतको सहभागिता रहेको थियो ।

# मउवा संघको अध्यक्षमा अग्रवालले उम्मेदवारी दिने



साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ आगामी पुसमा हुने मकवानपुर उद्योग वाणिज्य संघको निर्वाचनमा अध्यक्ष पदमा अनिल अग्रवालले उम्मेदवारी घोषणा गरेका छन् । आउँदो पुस २४ गतेदेखि २७ गतेसम्म हुने अधिवेशनले नयाँ कार्यसमिति चयन गर्नेछ ।

यो अधिवेशनमा दुइवटा भन्दा बढी प्यानलमा चुनाव हुने आंकलन गरिएको छ । अग्रवालले भने आफू अध्यक्ष पदमा उम्मेदवारी दिने साझाकुरासँगको कुराकानीमा बताए । बर्तमा बरिष्ठउपाध्यक्ष रहेका अग्रवालले उद्योग वाणिज्य संघको चुनावमा अध्यक्ष पदमा आफ्नो उम्मेदवारी रहने बताए । मकवानपुर उद्योग वाणिज्य संघमा बिगत १७ वर्षदेखि विभिन्न पदमा रहेर काम गर्दै आएका अग्रवाल वरिष्ठउपाध्यक्ष पछि अध्यक्ष पदमा उम्मेदवारी दिन लागेका हुन् । मकवानपुर जिल्लामा तीन पुस्तादेखि व्यावसाय गर्दै आएका अग्रवाल हेटौंडाका पुराना व्यवसायी हुन् ।

हेटौंडाको जेसीज, लायन्स क्लब हुँदै अहिले रोटरी क्लब मकवानपुरको अध्यक्ष रहेका अग्रवालले चुनावी मैदानमा उत्रँदा प्यानल नै बनाएर अगाडि बढ्ने बताएका छन् । अहिले भने महासचिवमा तेजराज अधिकारी, कोषाध्यक्षमा माधब ज्ञवाली, वस्तुगत सचिवमा नेत्रप्रसाद खतिवडा रहेको उनले बताए ।

## नेपाल प्रिमियर लिग:

# मैदानमा दीपेन्द्रको तूफान, सुदूरपश्चिम रोयल्सको शान



काठमाडौं, १८ मंसिर/ 'मैदानमा तूफान, सुदूरको शान' सुदूर पश्चिम रोयल्सको गीतले यस्तै भन्छन् । यही गीत जस्तै सुरूवात भयो नेपाल प्रिमियर लिग (एनपीएल) मा सुदूरपश्चिम रोयल्सको । 'मैदानमा दीपेन्द्रको तूफान, किंग्समाथि रोयल्सको शान' यस्तै भयो खेलको नतिजा ।

कप्तान दीपेन्द्रसिंह ऐरीले कप्तानी इनिङ्स खेल्दै टिमलाई राम्रोसँग नेतृत्व दिएर अघि बढाए । त्यसमा अन्य खेलाडीहरुले पनि राम्रो साथ दिए । ब्याटिङ र बलिङ दुवैमा उत्कृष्ट प्रदर्शन गर्दै सुदूर पश्चिम रोयल्सले मंगलबार विराटनगर किंग्सलाई ९० रनले पराजित गर्दै सानदार सुरूवात गऱ्यो ।

टस हारेपछि ब्याटिङको निम्तो पाएको सुदूरपश्चिमले कप्तान दीपेन्द्रको अविजित ५७ रन मद्दतमा १८२ रन बनाएको थियो । विपक्षी टिमलाई ९२ रनमा अलआउट गर्दै ९० रनको फराकिलो अन्तरले खेल जित्यो । बलिङमा न्युजिल्याण्डका स्कट कुगेलेइनले र अविनाश बोहराले ३-३ विकेट लिए । अलराउण्डर ब्राण्डन म्याकमुलेनले पनि किफायती बलिङ गर्दै ३ ओभरमा १ मेडन राख्दै ८ रन खर्चेर १ विकेट लिए ।

**कीर्तिमानी प्रदर्शन**

ब्याटिङ हेभी देखिएको सुदूरपश्चिम टिमले बिहानको कन्डिसनमा पनि त्यही अनुसार ब्याटिङ गऱ्यो । अनि बलिङमा कमजोर भनिएपनि मैदानमा त्यसको ठिक विपरित प्रदर्शन गऱ्यो । त्यसमाथि पनि अहिलेसम्म भएको पाँच खेलमा सुदूरपश्चिमले दुई कीर्तिमान नै बनायो । पहिलो सुदूर पश्चिमले अहिलेसम्मको अवस्थामा एनपीएलमा सर्वाधिक स्कोर बनायो । दोस्रो सुदूरपश्चिमले फराकिलो रन अन्तरको जित पनि निकाल्यो ।

त्यस खेलसम्म विपक्षीलाई कम स्कोरमा रोक्ने कीर्तिमान पनि सुदूरकै नाममा थियो । तर मंगलबारको दोस्रो खेलमा चितवन राइनोजले पोखरा एभेन्जर्सलाई ७४ रनमा अलआउट गरेपछि कम स्कोरको कीर्तिमान भने तोडियो । यस्तै सुदूरपश्चिमका ब्राण्डन म्याकमुलेन एनपीएलमा पहिलो मेडन ओभर फाल्ने खेलाडी समेत बने । कप्तान दीपेन्द्रले पहिलो योजना अनुसार खेल्दा पहिलो खेल जितेको र बाँकी खेलमा पनि राम्रो गर्ने बताए । 'पहिलो म्याच जितेका छौं । बाँकी म्याचमा राम्रो गर्दै जाने हो' दीपेन्द्रले खेलपछि पोष्ट म्याचमा भने, 'सुरुमा विकेट स्लो नै थियो र त्यही अनसार योजना बनायौं । १५० भन्दा बढी बनायो भने जितिन्छ भन्ने थियो र त्यही अनुसार गऱ्यौं । अन्तिममा पिचले राम्रो खेल्यो र सजिलो भयो ।'

यसैगरी कप्तान दीपेन्द्र सातौं नम्बरमा ब्याटिङ गर्दै अर्धशतक प्रहार गर्ने पहिलो खेलाडी बने । टी२० का स्पेशलिस्ट खेलाडी दीपेन्द्र बलिङ, ब्याटिङ, फिल्डिङ सबैमा उत्कृष्ट छन् । अझ रनिङ बिटविन दी विकेटका त उनी विपक्षी फिल्डरलाई आच्छुआच्छु नै बनाउँछन् । दीपेन्द्र क्रिजमा हुँदा ब्याटिङ पार्टनर रहेका खेलाडी पनि चनाखो हुनुपर्छ । अनी दीपेन्द्रले फिल्डिङ गर्दा विपक्षी ब्याटर झनै चनाखो हुनुपर्छ दीपेन्द्रले कहाँबाट सिधा हिट गर्छन् थाहा हुन्छ ।

तल्लो क्रममा ब्याटिङ गर्दा पनि दीपेन्द्रले ब्याट गज्जबले चल्यो । सुरुमा विनोद भण्डारीले केही आक्रमक सुरूवात दिलाएका थिए । तर त्यसपछि नियमित अन्तरमा विकेट जाँदा ८९-५ को अवस्थामा थियो । त्यसपछि दीपेन्द्र १३औं ओभरमा क्रिजमा आए । उनले सातौं नम्बरमा ब्याटिङ गरेर पनि अर्धशतक बनाए । अनि छैटौं विकेटका लागि इशान पाण्डेसँग ४९ रनको साझेदारी गरे ।

दीपेन्द्रले अन्तिम ओभरमा अर्धशतक पूरा गरेका थिए । अन्तिम दुई बल खेल्नुअघि दीपेन्द्र ४५ रनमा थिए । त्यसपछि उनले प्रतिश जिसीलाई छक्का हान्दै अर्धशतक पूरा गरे । अन्तिम बलमा पनि छक्का हानेपछि दीपेन्द्रले २४ बलमा अविजित ५७ रन बनाए । जसमा ३ चौका र ५ छक्का समावेश छ । उनले ४२ रन त बाउण्ड्रीबाटै जोडे ।

**अवस्था अनुसार ब्याटिङ**

दीपेन्द्रले अवस्था हेरेर आफूले तल ब्याटिङ गरेको र अगाडि पनि ब्याटिङ गर्न सक्ने बताए । 'त्यो सिचुएसन अनुसार ब्याटिङ गरेको हो । कहिले चाँडै आउन सक्छु कहिले पछाडि हुन्छ' उनले भने । सुरुमा विकेट स्लो भएकोले सिंगल डबल खेलेको र पछि रन लागेको दीपेन्द्रले बताए । 'सुरुमा विकेट लो थियो सिंगल डबल रोटट गरेर खेल्यौं । पछि लाग्यो भनौं न' उनले भने ।

टिममा ब्याटिङको गहिराई धेरै रहेकोले पनि सुदूरलाई खासै समस्या छैन । यस्तै यू १९ टिमबाट यू१९ एसिया कप खेल्न गएका अर्जनु कुमाल र नरेन साउद आउन बाँकी नै छ । यस्तै विदेशी खेलाडी रोहन मुस्ताफा मंगलबार खेलेका थिएनन् । उनीहरु थपिँदा टिम अझ सन्तुलित बन्न सक्छ ।

दीपेन्द्रले पनि टिममा राम्रो रहेको र सन्तुलन मिलाउन त्यति गाह्रो नभएको बताए । 'सन्तुलन मिलाउन खासै गाह्रो छैन । टिममा जसलाई खेलाएपनि पछाडिसम्म राम्रो छ । अहिले राम्रो खेलेको छ । मुख्य करा कसले राम्रो खेल्छ भन्ने नै हो ।' दीपेन्द्रबाहेक सुदूरपश्चिमका लागि ब्याटिङमा म्याकुलेनले २६ बलमा समान २ चौका र छक्का प्रहार रग्द ३६ रन बनाए । ओपनिङ गरेका विनोद भण्डारीले २० बलमा ४ चौका प्रहार गर्दै २३ रन जोडे । इशान पाण्डेले १६ बलमा २१ रन बनाए । सैफ जैबले १४ रन जोडे । अन्तिममा आएका स्कट कुगेलेयनले पनि ६ बलमा २ चौका प्रहा गर्दै १० रन बनाए । विराटनगरका अनिल खरेलले ३ विकेट लिए ।

# पत्रकार महासंघ प्रदेश र जिल्ला शाखामा लाग्यो ताला



साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ नेपाल पत्रकार महासंघको बागमती प्रदेश र मकवानपुर शाखामा तालाबन्दी गरिएको छ । प्रेस चौतारी नेपाल मकवानपुरले सदस्यतामा त्रुटी देखाउँदै ताला लगाएको हो ।

नेपाल पत्रकार महासंघले सार्वजनिक गरेको सदस्यता नवीकरण तथा नयाँ सदस्यता वितरणमा असहमति जनाउँदै प्रदेश र जिल्ला शाखामा तालाबन्दी भएको हो । प्रेस चौतारी नेपाल मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीले केन्द्रले सार्वजनिक गरेको सदस्यतामा मकवानपुरका क्रियाशील पत्रकारलाई बाहिर राखेर गैरपत्रकारलाई सदस्यता दिइएकाले विरोधस्वरुप तालाबन्दी गरेको बताए ।

केन्द्रले गलत निर्णय गरेको भन्दै सो निर्णय नसच्याएसम्म तालाबन्दी जारी रहने उनको भनाई छ । महासंघले मंसिर २८ गतेका लागि तोकेका निर्वाचनसमेत यही अवस्थामा वैज्ञानिक, वैधानिक र व्यवहारिक नहुने प्रेस चौतारी मकवानपुरको ठहर छ ।

फर्जी पत्रकारको सदस्यता खारेज हुनुपर्ने, सदस्य हुनबाट वञ्चित गरिएका सक्रिय पत्रकारलाई तुरुन्त सदस्यता दिनुपर्नेलगायत माग गरिएको छ ।

# थाहामा अन्तर्राष्ट्रिय अपाङ्गता दिवस मनाइयो



साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ मकवानपुर थाहा नगरपालिकामा १७ मंसिरमा ३३ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवस अभिमुखीकरण कार्यक्रमसहित मनाइएको छ ।

शिखरकोटको विकास घरमा भएको कार्यक्रममा अपाङ्गता भएका व्यक्तिको हकअधिकार, आत्मबल तथा लक्ष्य निर्माणसम्बन्धी अभिमुखीकरण गरिएको हो । महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता परिचयपत्र वितरण शाखा थाहा नगरपालिकाको आर्थिक सहयोगमा नगर अपाङ्ग सरोकार समन्वय समितिको आयोजनामा अभिमुखीहरण कार्यक्रम सञ्चालन गरिएको हो ।

थाहा नगरका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीको प्रमुख आतिथ्यतामा भएको अभिमुखीकरणका सहभागीलाई जिल्ला अपाङ्ग सरोकार समिति मकवानपुरका अध्यक्ष गणेशचन्द्र दवाडीले सहजीकरण गरेका थिए । प्रत्येक वर्षको डिसेम्बर ३ मा मनाइने अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको यसवर्षको नारा-'समावेशी र दिगो भविष्यका लागि अपाङ्गता भएका व्यक्तिको नेतृत्वलाई प्रवर्द्धन गरौँ' भन्ने रहेको थियो । यस वर्ष मनाइएको दिवस ३३ औं हो ।

थाहानगर अपाङ्ग सरोकार समितिका अध्यक्ष मनलाल गोपालीको सभाध्यक्षतामा भएको कार्यक्रमको अवसरमा न्यानो कपडा वितरण गरिएको थियो । कार्यक्रमका प्रमुखअतिथि प्रमुख प्रशासकीय अधिकृत गिरीले संविधान तथा कानूनले स्थानीय तहलाई दिएको अधिकारलाई कार्यान्वयन गर्दै जाने बताए । नेपालको संविधानको अनुसूची ८ को १६ मा स्थानीय तहको अधिकारअन्तर्गत अपाङ्गता भएका व्यक्ति र अशक्तको व्यवस्थापनका सम्बन्धमा उल्लेख गरिएको उनले बताए ।

प्रमुख प्रशासकीय अधिकृत गिरीले नगरभित्रका अपाङ्गता भएकाहरुको पहिचान गरी स्वास्थ्य केन्द्रको सिफारिस अनुसार परिचयपत्रको व्यवस्था गरी उनीहरुलाई नियमानुसार भत्ता तथा सीपमूलक तालिम दिइरहेको बताए । उनले अपाङ्गता भएका व्यक्तिलाई हेर्ने समाज एवम् राज्यको दृष्टिकोण परिवर्तन हुनु आवश्यक रहेको उल्लेख गरे । कार्यक्रममा थाहा नगरका सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, महिला बालबालिका जेष्ठनागरिक तथा अपाङ्गता परिचयपत्र वितरण शाखाका प्रमुख प्रतिमा मोक्तानलगायत उपस्थिति रहेको थियो ।

# १ सय ११ किलो गाँजासहित भारतीय नागरिक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १८ मंसिर/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले प्रतिबन्धित लागूऔषध १११ किलो गाँजासहित एक जना भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

प्रहरीले भारत मोतिहारी चैनपुर ढाका थाना बस्ने ३० वर्षीय मोहमद समिरलाई पक्राउ गरेको हो । उनलाई प्रहरीले हेटौंडा उपमहानगरपालिका-३ तीनताप्केबाट १११ किलो गाँजासहित पक्राउ गरेको हो । प्रहरीचौकी बसामाडीबाट खटिएको प्रहरीले मनहरीबाट वीरगञ्जतर्फ जाँदै गरेको बा.१० च ५३३ नम्बरको योद्दा गाडीबाट गाँजा बरामद गरेको थियो । गाडीको ढालामा बालुवा र मलले छोपीराखेको २० वटा पोकामा रहेको गाँजा फेला पारी चालक माहमदलाई पक्राउ गरिएका प्रहरीले जनाएको छ ।


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्धारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**




- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्धारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

**हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)**

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना